का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १४७
❒ १७ साउन २०७७, शनिबार
❒ 1 August 2020, Saturday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: शुक्रबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १९७७१ जना | १४३९९ जना | ३७५८१६ | ५३१६ | ५६ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ७५ लाख ७० हजार | १ करोड १० लाख १ हजार | ६ लाख ७८ हजार | ५८ लाख ९१ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# बिष्णुप्रसाद पौडेलको दौडधुप

## ■प्रचण्डको जवाफ–प्रधानमन्त्रीले अहंकार छोड्नुपर्छ

बिहीबार बिहान अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न खुमलटार पुगेका नेकपाका महासचिव बिष्णुप्रसाद पौडेलले पार्टीभित्रको सान्नटा चिर्न दौडधुप तीव्र बनाएका छन् ।



तस्बिर: संतोषपाती

"१३ साउनमा प्रधानमन्त्री ओलीले एक्लौटी निर्णयमा स्थायी कमिटी बैठक अनिश्चितकालका लागि स्थगित गरिदिएका थिए भने दिउँसो प्रधानमन्त्री इतर समूहले भने दिउँसो बैठक राखेका थिए ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन ।

साउन १३ गतेदेखि सत्तारुढ नेकपाका शीर्ष नेताहरु बीच मौनता छाएको छ । प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच बोलचाल समेत भएको छैन । यही बीचमा प्रचण्ड र बरिष्ठ नेता माधवकुमार नेपाल बीच भने टेलिफोन सम्वाद भएको छ ।

तर, यो सम्वादका अन्तर्वस्तु सार्वजनिक भएको छैन । ओली, दाहाल र नेपालले आफू निकट नेताहरुसँग भने सम्वाद बढाएका छन् । बुधबार पूर्व माओवादी समूहका नेताहरु टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणि थापा लगायतले प्रधानमन्त्री ओलीलाई भेटेका थिए । यिनै नेताहरुले बिहीबार प्रचण्डलाई पनि भेटेका छन् । तर, यो भेटवार्ता तिक्तता साट्न मात्रै सीमित देखिन्छन् ।

अहिले प्रधानमन्त्री ओली समूहले पनि प्रचण्डसँग सम्वाद गर्न भनेर निर्णय लिएका छन् भने प्रचण्ड समूहले पनि ओलीसँग सम्वाद गरेर मात्रै थप गतिविधि बढाउने निर्णय गरेको छ । यी दुवै समूहको एउटै समानता छ, स्थायी कमिटी बैठक निरन्तर चल्ने बातावरण बनाउने । तर, तीन यताको मौनता भने तोडिएको छैन । यस्तो अवस्थामा महाचिब बिष्णुप्रसाद पौडलेको दौडधुप भने बढेको छ । बिहीबार बिहानै डेढ घण्टा प्रचण्डसँग उनले सम्वाद गरेका थिए । बिहान आठतिर प्रचण्ड निवास खुमलटार पुगेका पौडेलले सन्देश लिएर फेरि बालुवाटार पुगेका थिए ।

स्रोतका अनुसार, यो भेटमा प्रचण्डले प्रधानमन्त्री ओलीले अहंकार नत्यागेसम्म सहमति हुन नसक्ने बताएका थिए । त्यसका लागि छोड्नुपर्ने र सुधार्नुपर्ने विषयमा पनि प्रचण्डसँग पौडेलले सम्वाद गरेका थिए । तिनै सन्देश लिएर पौडेल बालुवाटार समेत पुगे । बालुवाटारमा पौडेलले प्रचण्डको कुरा गरेका थिए ।

बाँकी पृष्ठ २ मा



पहिरो साउनः पोखरा महानगरपालिका-१८ फेवाफाँटमा हरियालीपूर्ण रैथाने जेठो बूढो धान । यस वर्ष मनसुन छिट्टै शुरू भएकाले किसानले धान जेठको पहिलो हप्तामै रोपेका थिए । तस्बिरः राधिका कँडेल, रासस

# एकैदिन दश हजारको परीक्षण

## ■शुक्रबार चार संक्रमतिको मृत्यु, उपत्यकामा थपिए ३८ संक्रमित

परीक्षण दर नबढाएको आरोप खेपिरहेको सरकारले शुक्रबार भने एकै दिन दश हजार बढीको पीसीआर परीक्षण भएको छ । उपत्यका छिर्ने नाकामा मात्रै अहिलेसम्म ३ हजार ७ सय १३ जनाको रिपोर्ट आएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन ।

नेपालमा कोरोना भाइरस (कोभिड–१९) बाट एकैदिन ४ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार वीरगञ्ज महानगरका तीन जनाको गण्डक अस्थायी कोरोना अस्पताल र एक जनाको पाटन अस्पताल ललितपुरमा उपचारका क्रममा मृत्यु भएको हो ।

मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमका अनुसार, मृत्यु हुनेमा पर्साको वीरगञ्ज महानगरपालिका–११ का ५६ वर्षीय पुरुषको साउन १५ गते मृत्यु भएको हो । मुटुको रोगी ती पुरुषको आइसीयु र भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो । साउन ६ गते कोरोना पुष्टि भएपछि उनलाई ७ गते गण्डक अस्थायी कोरोना अस्पताल भर्ना गरिएको थियो ।

यस्तै वीरगञ्ज महानगरपालिका वडा नम्बर–१६ का ३५ वर्षका पुरुषको साउन १५ गते नै गण्डक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । साउन ५ गते निजी क्लिनिक हुँदै तराई अस्पताल भर्ना भएका उनको स्वास्थ्यमा सुधार नआएपछि गण्डक अस्पताल भर्ना भएका थिए । १३ गते अस्पताल भर्ना उनको नमुना संकलन गर्दा १५ गते नै कोरोना पुष्टि भएको थियो ।

यस्तै वीरगञ्ज २ का ६५ वर्षीय अर्का पुरुषको पनि साउन १५ गते कोरोनाका कारण मृत्यु भएको प्रवक्ता डा. गौतमले बताए । उनको मृत्यु पछि कोरोना रिपोर्ट पोजेटिभ आएको हो । यस्तै वीरगञ्ज ११ स्थायी घर भई ललितपुरको थसिखेल ५ बस्ने महिलाको पाटन अस्पताल ललितपुरमा उपचारका क्रममा निधन भएको प्रवक्ता डा. गौतमले बताए । मधुमेहका विरामी ती महिला साउन ६ गते अस्पताल भर्ना भएकी थिइन् । ज्वरो, खोकी र स्वासप्रस्वासमा समस्या आएपछि उपचारका लागि स्टार अस्पतालमा भर्ना भएकी थिइन् । साउन ६ गते कोरोना पुष्टि भएपछि उपचारका लागि पाटन अस्पताल भर्ना गरिएको थियो । योसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ५६ पुगेको छ ।

सरकारले शुक्रबार पीसीआर विधिबाट १० हजार ७ सय ६८ नमुना

बाँकी पृष्ठ २ मा

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निष्कर्ष:

# कोभिड महामारीका बावजूद उल्लेख्य प्रगति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोरोना भाइरस (कोभिड-१९) महामारीका बाबजुद गत वर्ष उल्लेख्य काम भएको निष्कर्ष निकालेको छ । शुक्रबार भएको वार्षिक समीक्षा बैठकपछि मन्त्रालयका प्रवक्ता सुमन घिमिरेद्वारा जारी विज्ञप्तिमा मन्त्री रामेश्वर राय यादवले कोभिड-१९ का बाबजुद सन्तोषजनक प्रगति हासिल भएको उल्लेख गर्दै विभिन्न निकायहरुबाट उठान भएका भौतिक पूर्वाधार, जनशक्ति, विधि र प्रविधिमा सुधार गरी रोजगारी व्यवस्थापन, श्रम सम्बन्ध विकास तथा सामाजिक सुरक्षाका दायरा बढाउने गरी समन्वयात्मक रुपमा कार्यतालिकासहित परिणाममुखी कार्यान्वयनमा सक्रिय रहन निर्देशन दिएको उल्लेख गरेका छन् ।

मन्त्री यादवको अध्यक्षतामा भएको उक्त बैठकमा मन्त्रालय अन्तर्गत विभागीय प्रमुखहरुलगायत अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिकोसमेत सहभागिता रहेको थियो । गत आर्थिक वर्ष उक्त मन्त्रालय अन्तर्गत पहिलो प्राथमिकताप्राप्त आयोजनाका ८ वटा र दोस्रो प्राथमिकता प्राप्त आयोजनाका ३ गरी ११ वटा योजनामार्फत ४९ प्रतिशत वित्तीय प्रगति भएको जनाएको छ ।

वैदेशिक सहायता तर्फको बजेट प्राप्त नभएकाले सो प्रगति कम देखिएको भन्दै विज्ञप्तिमा मन्त्रालय अन्तर्गत १ सय ४४ वटा मुख्य योजनामध्ये ८८ सम्पन्न तथा ४५ आशिंक सम्पन्न गरी जम्मा संख्याको ७५ प्रतिशत प्रगति हासिल भएको विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयको बेरुजु फछ्र्यौट ५५.५० प्रतिशत र गुनासो व्यवस्थापनमा ७२ प्रतिशत प्रगति भएको भन्दै मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कामको लागि पारिश्रमिकतर्फ ६० हजार ६० जनाले रोजगारी प्राप्त गरेका र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा १ लाख ६८ हजार ८ सय ७० जना योगदानकर्ता आबद्ध भएको जनाएको छ ।

मन्त्रालय र मातहतको प्रस्तुतिमाथि राष्ट्रिय योजना आयोगका सहसचिव किशोर जोशीले टिप्पणी गर्दै रोजगारी तथा सीप विकासमा केन्द्रित रही दीर्घकालीन लक्ष्य र पन्ध्रौं योजनाका सूचक अनुसारका रणनीति हाँसिल गर्न थप क्रियाशीलता आवश्यक रहेको सुझाव दिएका थिए ।

धन्यवाद मन्तव्य राख्दै सचिव तोयम रायाले विगतको अनुभवको आधारमा चालु आर्थिक वर्षमा थप प्रगति हासिलका लागि दृढतापूर्वक क्रियाशील हुन निर्देशन दिएको विज्ञप्तिमा उल्लेख छ ।

### वैदेशिक रोजगार विशेष

## मलेसियामा कामदार कुटिएपछि दूतावासद्वारा उजुरी

**काठमाडौं/मस–** मलेसियामा सेक्युरिटी गार्डलाई कुटपिट गरेको भिडियो सामाजिक संजालमा आएपछि नेपाली राजदूतावास क्वालालम्पुरले त्यसलाई गम्भीरतापूर्वक लिँदै अनुसन्धानका लागि मलेसिया प्रहरीमा उजुरी दिएको छ । सार्वजनिक भएको भिडियोमा सेक्युरिटी गार्डमाथि निर्घात कुटपिट भएको देखिएको छ । दुर्व्यवहार खप्ने सुरक्षागार्डको राष्ट्रियता स्पष्ट नभएपनि मलेसियामा सेक्युरिटी गार्ड नेपालीमात्र रहेको भन्दै सामाजिक संजालमा गुनासो बढेपछि नेपाली दूतावासले पीडितको पहिचानसमेत खोज्न शुरु गरेको बताएको छ । त्यसका लागि दूतावासले पिटिएका व्यक्तिलाई सम्पर्कमा आउन शुक्रबार सार्वजनिक सूचना जारी गरेको छ ।

नेपाली दूतावासले प्रहरीमा उजुरी दिएको विषय मलेसियाका राष्ट्रिय सञ्चारमाध्यम तथा अनलाइन न्यूज पार्टलहरुले पनि महत्वका साथ समाचार बनाएका छन् । संकटको समयमा गोर्खालीले मलेसियाको सुरक्षामा बगाएको रगत मलेसियाई जनताको स्मरणबाट नहट्ने भन्दै कतिपयले सामाजिक सञ्जालमा सुरक्षागार्ड पिटिएकोमा रोजगारदाताको चर्को आलोचनासमेत गर्ने गरेका छन् । सेक्युरिटी गार्डमाथि कुटपिट भइरहेको भिडियो बिहीबारदेखि सामाजिक सञ्जालमा भाइरल भएको थियो । भिडियोमा एक व्यक्तिले हिन्दी भाषामा गाली गर्दै सुरक्षा गार्डलाई लट्ठीले पिटिरहेको देखिएको छ ।

# मुहार फेरिएको विमानस्थल

**काठमाडौं/रासस–** मुलुकको एक मात्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल नयाँ अत्याधुनिक संरचनाका साथ शीघ्र सञ्चालन योग्य भएको छ । विमानस्थलको क्षमता अभिवृद्धिका साथै सेवा सुविधालाई स्तरीकरण गर्नेगरी अत्यावस्यक थपिएका संरचनाले विमानस्थलको स्वरुप बदलिएको छ ।

विकसित मुलुकका सुविधा सम्पन्न विमानस्थलको झल्को दिनेगरी अन्तरराष्ट्रिय विमानस्थलको संरचना थप्नुका साथै सेवा विस्तार र स्तरीकरणको कार्य धमाधम भइरहेको हो ।

विश्वसँग नेपाललाई जोड्ने एक मात्रै अन्तरराष्ट्रिय विमानस्थल भएकाले यसलाई आधुनिकीकरण गर्ने, क्षमता अभिवृद्धि गर्दै सेवा विस्तार र स्तरीकरण गर्ने कार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अर्न्तगत निरन्तर भइरहेको छ ।

त्यसको नतृत्व गर्ने पर्यटनमन्त्री योगेशकुमार भट्टराईले विमानस्थलको क्षमता विस्तार र स्तरोन्नतिको कामलाई निरन्तर अवलोकन र निर्देशन दिदैं अहिलेको अवस्थामा आइपुगेको हो ।



विमानस्थलमा पछिल्लो समय भइरहेको कामबारे पर्यटनमन्त्रीले धेरै समय अन्तरराष्ट्रिय विमानस्थललाई दिदैं आउनुभएको छ । परिणामस्वरुप विमानस्थलमा सञ्चालित आयोजनाले सकारात्मक परिणाम हासिल गरेका छन् । यसै शिलशिलामा पर्यटनमन्त्री योगेशकुमार भट्टराईले आज अन्तरराष्ट्रिय विमानस्थलमा सञ्चालित विभिन्न परियोजनाका साथै सेवा स्तरीकरणका लागि भइरहेका कामको स्थलगत अवलोकन गरे ।

अर्थ मन्त्रालयका सचिव शिशिरकुमार ढुङ्गाना, पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेलसहितका उच्च अधिकारीलाई साथमा लिएर मन्त्री भट्टराईले विमानस्थलको प्रगति र सञ्चालिन नयाँ सेवा सुविधाको निरीक्षण र निर्देशन दिए ।

कोभिड १९ महामारीले विश्व नै संत्रास छाइरहेको अवस्थामा अन्तरराष्ट्रिय विमानस्थलको पूर्वाधार निर्माणको काम निरन्तर अघि बढेको छ ।

बाँकी पृष्ठ २ मा

# विकास निर्माणका काममा समन्वय बढाउन उपप्रधानमन्त्रीको निर्देशन

काठमाडौं/मस- उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले राष्ट्रिय गौरवका आयोजना र सरकारका कार्यक्रमको कार्यान्वयनका लागि अन्तरमन्त्रालय समन्वयलाई प्रभावकारी बनाउन मन्त्रालय र मातहतका अङ्गलाई निर्देशन दिएका छन् । रक्षा मन्त्रालयअन्तर्गत आर्थिक वर्ष २०७६/७७ को तेस्रो चौमासिक एवं वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठकमा शुक्रबार मन्त्री पोखरेलले कुनै कार्यक्रमलाई एउटा मात्रै मन्त्रालयको काम ठानेर अर्को मन्त्रालय र निकायले बुझ्न नहुने भन्दै समग्र राष्ट्र र सरकारको कामसँग सम्बन्धित विषयका रुपमा लिन आग्रह गरे ।



बैठकमा सहभागी अन्य मन्त्रालय र निकायमा प्रतिनिधिलाई पनि सोही भावनाका साथ कार्यक्षेत्रमा औपचारिकता नभई परिणामका लागि एकीकृत समन्वय गर्न उहाँको आग्रह थियो । मन्त्री पोखरेलले भने, 'औपचारिक पत्राचार वा जिम्मेवारी पर सारिनु विभागीयवाद (डिपार्टमेन्ट्लालिज्म) हो । यो लकिरको फकिर हुनु हो । यसरी हुँदैन । सम्बन्धित निकाय र प्रतिनिधिबीच भर्टिकल मात्र होइन होरिजेन्टल पनि सम्बन्ध हुनुपर्छ ।'

उपप्रधानमन्त्री पोखरेलले बैठकमा आमन्त्रित गरिएकामध्ये केही मन्त्रालयका प्रतिनिधि उपस्थित नभएका विषयमा पनि गम्भीर चासो व्यक्त गर्दै रक्षा मन्त्रालयका सम्बन्धित कर्मचारीलाई ध्यानाकर्षण गराए ।

बैठकमा नेपाली सेनाबाट निर्माणाधीन काठमाडौं-निजगढ द्रुतमार्गको निर्माण कार्यमा रुख कटान, खोकनाको जग्गा विवाद, परामर्शदाता छनोट आदि विषयमा विभिन्न समस्या र अन्य निकायको समन्वयका सवाल उठेका थिए । राष्ट्रिय योजना आयागका उपाध्यक्ष डा पुष्पराज कँडेलले दुई मन्त्रालयको समन्वयमा समाधान गर्न सकिने विषय आफैँ समाधान गर्न आग्रह गर्दै विकास समस्या समाधान समितिमा ल्याउने प्रस्ताव र गरिने निर्णय तथा कार्यान्वयनलाई परम्पराभन्दा पृथक बनाउन जोड दिए ।

नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाले पुनःनिर्माणको कार्य सम्पन्न नहुँदा सेनाको आधुनिकीकरणमा चुनौती देखापरेको उल्लेख गर्दै सिंहदरबारभित्र रहेको चण्डीदल गण बसेको स्थानमा सङ्घीय संसद्को भवन निर्माण प्रारम्भ भएकाले उक्त दललाई कहाँ राख्ने भन्नेबारेमा हालसम्म अन्योल देखिनु पीडादायी भएको बताए ।

रक्षा मन्त्रालयका सचिव रेश्मीराज पाण्डेले द्रुतमार्गका लागि ललितपुरको खोकनावासीको सहयोग भए पनि बाहिरका मान्छे त्यहाँ गएर समस्या बल्झाउने कामको विरोध नगरिएसम्म राष्ट्रिय गौरावको आयोजना सफल नहुने स्पष्ट गरे ।

सो आर्थिक वर्षमा मन्त्रालयको ४२ वटा कार्यक्रमका माइलस्टोन राखिएकाका ४२ वटा (८० प्रतिशत) सम्पन्न भएको, बेरुजु फछ्र्यौट रु १४ अर्ब २८ करोडबाट रु नौ अर्ब ८९ करोडमा झारिएको जनाइएको छ ।

### लोकल रक्सीलाई ब्राण्ड बनाउन माग गर्दै

# प्रधानमन्त्रीलाई यायोक्खाको ज्ञापनपत्र

**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, १६ साउन



लोकल रक्सीलाई ब्रान्ण्डकोरुपमा प्रवर्द्धन गर्नुपर्ने माग गर्दै किराँत राई यायोक्खा खोटाङले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । यायोख्खाले स्थानीयस्तरमा उत्पादन हुने कोदोको लोकल रक्सीलाई प्रतिबन्ध नभइ प्रवर्द्धन गर्नुपर्ने मागसहित शुक्रबार प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलमार्फत प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई ध्यानाकर्षण गराएको हो । यायोक्खाका जिल्ला अध्यक्ष हात्तीराम राईले ज्ञापनपत्र बुझाउँदै नेपालमा कोदोको रक्सीलाई प्रवर्द्धन गर्न र त्यसलाई ऐनमार्फत नियमनगरी घरेलु उद्योगकोरुपमा विकास गर्नुपर्ने बताए । नेपालको आदिम कालदेखि साँस्कृतिकरुपमा उत्पादन र प्रयोग गर्दै आइरहेको घरेलु रक्सीमा राज्यले उत्पादन र बेचबिखनमा बन्देज गरिरहने तथा स्थानीय उत्पादनलाई लगानी, प्रोत्साहन र प्रवर्द्धन नगर्ने हो भने देशको समृद्धि कल्पनामै सीमित हुने ज्ञापनपत्रमा उल्लेख छ ।

यसै सन्दर्भमा एक नम्बर प्रदेशका प्रदेशसभा सदस्य उषाकला राईले लोकल रक्सीलाई ब्याण्ड बनाउनु पर्ने एजेन्डा संसदमा समेत उठाएकी थिइन् । यायोक्खाले राईको उक्त एजेन्डालाई सम्मान गर्दै नेपालको संविधानको भावनाअनुरूप सबै सँस्कृतिको सम्मान, स्थानीय उत्पादनको प्रवर्द्धन गर्न स्थानीयस्तरमा उत्पादन हुने रोकल रक्सीलाई कानूनी मान्यता दिन सरकारसँग माग गरेका हो । यायोक्खाले ज्ञापनपत्रसँगै स्थानीयस्तरमा उत्पादन गरिएको लोकल रक्सी भरिएको कठुवासमेत प्रधानमन्त्रीलाई पठाएको छ । किराँत राई समुदायको सँस्कारमा प्रयोग गरिने कठुवामा भरिएको रक्सी साँकेतिकरुपमा प्रधानमन्त्रीलाई पठाइएको हो ।

प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्र बोधार्थका लागि गृह मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कानून मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र मुख्यमन्त्रीको कार्यालय एक नम्बर प्रदेश सरकारलाईसमेत पठाएको छ । यायोखखाले बुझाएको ज्ञापनपत्र सम्बन्धित निकायमा पुर्याएर सहयोग गर्ने प्रजिअ पौडेलले प्रतिवद्धता जनाएका छन् ।

# बारामा आइतबारदेखि निषेधाज्ञा




काठमाडौं/मस- कोरोना संक्रमण बढ्दै गएपछि बारामा आइतबारदेखि निषेधाज्ञा लागू गरिने भएको छ । कोरोना भाइरस संक्रमितको संख्या बढदै गएपछि प्रशासनले आइतबार बिहान पाँच बजे देखि निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो । संक्रमण समुदायस्तरमा फैलने खतरा देखिएकाले निषेधाज्ञा लागू गर्न लागिएको हो ।

छिमेकी जिल्ला पर्सामा समेत निशेधाज्ञा जारी गरेको अवस्थामा उताका मानिस यता आउदा थप समस्या देखिएको प्रशासनको निस्कर्ष छ । पर्साका बासिन्दा बाराका बजार तथा बैंक र वित्तिय संस्थाहरुमा कारोवारका लागि आउने गर्दछन् ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा भनिएको छ, 'पर्सा तथा बारा जिल्ला जोड्ने हुलाकी लोकमार्ग पर्ने सबै स्थानीय तहहरु, कलैया बजार क्षेत्र, पथलैया-वीरगज औद्योगिक करिडोर पर्ने जीतपुर, सिमरा, पथलैया, परवानीपुर, नितनपुर, निजगढ, कोल्हवी, सिम्रौनगढ, बरियापुर लगायत अत्याधिक भिडभाड हुने तथा हाटबजार लाग्ने ग्रामिण क्षेत्रहरुमा निषेधाज्ञा लागू गरिएको छ ।'

निषेधित क्षेत्रभित्र कुनै पनि धार्मिक, सांस्कृतिक, सामाजिक कार्यहरु(विवाह, व्रतवन्ध, भोजभतेर) गर्न प्रतिवन्ध लगाइएको छ । यस्तै छिमेकी मुलुक भारतसँग जोडिएका सीमा नाकाहरुमा आवात जावत पूर्णमा रुपमा बन्द गर्ने निर्णय समेत बैठकले गरेको छ ।

उद्योगी व्यवसायीहरुले कलकारखाना सञ्चालन गर्दा कामदारलाई आफ्नो उद्योग, कलकारखाना परिसर भित्रको होस्टल तथा क्वाटरमा राखेर स्वास्थ्य सुरक्षा मापदण्ड कायम गर्नुपर्ने बैठकले निर्णय गरेको छ ।

बैठकले औषधि पसल २४ सै घण्टा खुल्ला रहने र खाधान्न, ग्यास, इन्धन, दूध, डेरी पसलहरु, तरकारी पसलहरु मुख्य बजार क्षेत्रमा बिक्री वितरण नगरी साइकल तथा ठेलागाडामा राखेर मात्र अन्य क्षेत्रमा विहान १० बजेदेखि मात्र बिक्री गर्न पाउने निर्णय गरेको छ ।

# अवैध मटर नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १६ साउन

नवलपरासीको सीमा क्षेत्रबाट १ लाख ३० हजार मूल्य बराबरको अवैध मटर प्रहरीले नियन्त्रणमा लिएको छ । गए राति प्रतापपुर गाउँपालिका वडा नं.४ र सरावल गाउँपालिका वडा नं. ६ को सीमा बर्गदवा चोकभन्दा दक्षिण तर्फ दशगजाबाट रातिको समयमा नेपालबाट भारततर्फ अबैधरुपमा लैजादै गरेरो २६ बोरा करिब १ लाख ३० हजार मुल्य बराबरको मटर (केराउ) प्रहरी चौकी पचपेडाले नियन्त्रणमा लिएको हो ।

उक्त मटर (केराउ) मानिसहरुले साईकलमा राखी लैजादै गर्दा प्रहरी टोलीलाई देखेपछि उनीहरु बोरा फाली भगेका थिए । नियन्त्रणमा लिइएको मटर (केराउ) र साईकल आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी राजु लामाले जानकारी दिए ।

# खोटाङमा मास्क नलगाई हिंड्ने १५ जना कारबाहीमा

खोटाङ/मस- देशभर लकडाउन खुलेसँगै कोरोना भाइरसको सङ्क्रमण फैलन नदिन मास्क लगाएरमात्र हिड्नु पर्ने गृह मन्त्रालयको निर्देशन बिपरित खोटाङमा मास्क नलगाई हिँड्ने १५ जनालाई जिल्ला प्रशासन कार्यालय खोटाङले कारवाही गरेको छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा मास्क नलगाई हिँडेका १५ जनालाई कारवाही गरी रु १०० जरिवाना गरिएको प्रमुख जिल्ला अधिकारी शालिकराम शर्मा पौडेलले जानकारी दिए ।

सरकारले लकडाउन खोले पनि कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण फैलन नदिन मास्क अनिवार्य लगाउन साथै पटकपटक सेनिटाइजरले हात धुन सूचना गर्दासमेत कानूनको उल्लंघन साथै अटेर गर्ने पैदल यात्रीलाई रु १०० का दरले जरिवाना गराएको जनाइएको छ । मास्क नलगाई हिड्ने र सामाजिक दूरी कायम नगर्नेलाई सङ्क्रमण रोग २०२० ऐन अन्तरगत जरिवाना गरेर १ घण्टा उभ्याइएको प्रजिअ पौडेलले बताए ।

कोभिड-१९ सङ्क्रमण रोग ऐन २०२० कानून उल्लंघन गरेमा एक महिनासम्म कैद वा रु १०० समेत जरिवाना वा दुवै सजाय हुने साथै ऐन अन्तरगत काममा खटिएका अधिकृत व्यक्तिहरुलाई काममा बाधा पुर्याउनेलाई छ महिनासम्म कैद जरिवाना हुने सङ्क्रामक रोग ऐन २०२० मा उल्लेख गरिएको छ ।

# दार्चुलामा थपिए १६ जना कोरोना संक्रमित

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १६ साउन

दार्चुलामा १६ जनामा कोरोना संक्रमण पुष्टी भएको छ । दार्चुलाको ब्यास गाउँपालिकामा २ जना, मार्मा गाउँपालिकामा १३ जना र लेकम गाउँपालिकाका एक जनामा कोरोना संक्रमण पुष्टी भएको स्वास्थ्य कार्यालय दार्चुलाले शुक्रबार अपरान्ह बिज्ञप्ति मार्फत जनाएको हो ।

सो कार्यालयका जन स्वास्थ्य अधिकृत जय राज भट्टद्वारा जारी बिज्ञप्तिका अनुसार संक्रमितहरुमा मार्मा गाउँपालिकाका २५, ३० र २२ बर्षका तीन महिला, २० र २८ बर्षका दुई दुई जना २३, २५, २६ २९, ३७ र ४० बर्षका गरी १० जना पुरुष, ब्यास गाउँपालिकाका २४ र २५ बर्षका दुई जना पुरुष , लेकम गाउँ पालिकाका ३६ बर्षका एक जना पुरुष रहेका छन् ।

बाहिरबाट आएकाहरुमा संक्रमण पुष्टी भएको स्वास्थ्य कार्यालय दार्चुलाका तथ्याङ्क साहयक एबं सूचना अधिकारी खगेन्द्र कार्कीले बताए । उनीहरु क्वारेन्टाइनमा रहेको बताइएपनि संक्रमण पुष्टी भएकाहरुको उमेर र कुन क्वारेन्टाइनमा छन् वा छैनन् भनि विवरण संकलन भइरहेको सूचना अधिकारी कार्कीले जानकारी दिए । धेरै दिनपछि दार्चुलामा कोरोना संक्रमण देखिएको छ । पहिले कोरोना पुष्टी भएका २६ जना भने घर फर्किसकेका छन् । यो संगै दार्चुलामा कोरोना संक्रमितको संख्या ४२ पुगेको छ ।

# पश्चिम नवलपरासीका तीन वटा पानी उद्योग सिल

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १६ साउन




पश्चिम नवलपरासीमा तीन वटा पानी उद्योगमा सिल गरिएको छ । जिल्ला प्रशासन कार्यालय नवलपरासी तथा खाद्य प्राबिधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाको टोलीले उक्त उद्योगहरुमा सिल गरेको हो ।

रामग्राम नगरपालिका वडा नं. १५ स्थित सुक्रौलीको साईवाटर ईण्डष्ट्रिज, पाल्हीनन्दन गाउँपीलका वडा नं. ३ मा रहेको सितल जल पानी उद्योग र पाल्हीनन्दनकै त्रिबेणी अक्वा ईण्डष्ट्रिजलाई कारोबार बन्द र सिल गरिएको खाद्य प्राबिधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाका खाद्य निरीक्षक श्रवाण ढुङ्गनाले जानकारी दिए ।

उत्पादनको लागि अपनाउनुपर्ने न्युनतम मापदण्ड पूरा नगरेको पाईएकाले ती पानी उद्योगमा सिल गरिएको ढुङ्गनाले बताए । समयमा पानी उद्योगहरु उत्पादन सम्बन्धी मापदण्डहरु पूरा नगर्ने, लेबलिड स्वाचालित मेसिनबाट जार सफा गर्न लापरवाही देखिएकोले ती उद्योगहरुलाई उत्पादन बन्द र उद्योग सिल गर्नु परेको जिल्ला प्रशासन कार्यालय परासीका प्रशासकीय अधिकृत सागार के.सिले बताए ।

खाद्य प्राबिधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाले तीन वटै उद्योगबाट पानीको स्याम्पल पनि लगेको छ । पानी उत्पादन मादण्ड बिपरीत भएको पाईएमा दण्ड जारिवना र कार्बाही गर्ने खाद्य प्राबिधि तथा गुण नियन्त्रण कार्यालयले जनाएको छ । उद्योगहरुलाई मापदण्ड अनुसार सुधार गर्नुपर्ने, उद्योगमा टायल बिछ्याउन र सरसफाई राख्न टोलीले निर्देशन दिएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **सिन मल गोर्खा इन्टरनेशनल मेनेजमेन्ट सर्भिस प्रा.लि.** (ई.प्र.नं. २०३/०५७/०५८) ले यस विभाग समक्ष इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा गरी पाउए भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७७/०४/११ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

## बिष्णुप्रसाद...

महासचिव पौडेलले बरिष्ठ नेता झलनाथ खनाल, माधवकुमार नेपाल र उपाध्यक्ष वामदेव गौतमसँग पनि सम्वाद गरेका थिए । "सबैतिरको कुरा सुन्दा नेताहरुबीच जति तिक्तता भएपनि सहमति जुट्ने आशा पलाएको छ", एक नेताले भने ।

गएको १३ साउनमा प्रधानमन्त्री ओलीले एक्लौटी निर्णयमा स्थायी कमिटी बैठक अनिश्चितकालका लागि स्थगित गरिदिएका थिए भने दिउँसो प्रधानमन्त्री इतर समूहले भने दिउँसो बैठक राखेका थिए । बैठकले पनि प्रधानमन्त्री ओलीसँग सम्वाद गर्न प्रचण्डलाई जिम्मेवारी दिएको छ । प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट राजीनामा मागिएपछि नेकपा फुटकै नजिक पुगेको थियो ।

## एकैदिन...

परीक्षण गरेको छ । जसमा २ सय २४ जनामा कोरोना पोजेटिभ देखिएको छ । प्रवक्ता डा. गौतमका अनुसार काठमाडौं उपत्यकामा शुक्रबार ३८ जनामा कोरोना संक्रमण देखिएको छ । काठमाडौंमा ३२, ललितपुरमा ५ जना र भक्तपुरमा १ जनामा कोरोना संक्रमण देखिएको उनले बताए ।

उपत्यका छिर्ने विभिन्न नाकाहरुमा समेत परीक्षण गरिएको छ । साँगा, फर्पिङ र थानकोट गरी १० हजार २ सय ५ जनाको नमूना संकलन गरी परीक्षण गरिएको छ । अहिलेसम्म ३ हजार ७ सय १३ जनाको रिपोर्ट आएकोमा २५ जनामा पोजेटिभ देखिएको प्रवक्ता डा. गौतमले बताए ।

अहिले देशभरीका आइसोलेसनमा ५ हजार ३ सय १६ जना रहेका छन् । यस्तै प्रदेश नम्बर १ मा २ सय २२, प्रदेश नम्बर २ मा २ हजार ३४, बागमती प्रदेशमा ५ सय ७२ र गण्डकी प्रदेशमा ३ सय २४ जना रहेका छन् । यस्तै प्रदेश नम्बर ५ मा ३ सय ८५, कर्णाली प्रदेशमा २ सय ९६ र सुदूरपश्चिम प्रदेशमा १ हजार ४ सय ८३ जना उपचाररत रहेका प्रवक्ता डा. गौतमले बताए ।

शुक्रबार १ सय ५१ जना संक्रमित निको भएर घर फर्किएका छन् । प्रदेश नम्बर १ मा ८ सय ३१, प्रदेश नम्बर २ मा ३ हजार १ सय १, बागमती प्रदेशमा ५ सय २६ र गण्डकी प्रदेशमा १ हजार २ सय ४४ जना डिस्चार्ज भएका छन् । यस्तै प्रदेश नम्बर ५ मा ३ हजार ९ सय ७१, कर्णाली प्रदेशमा १ हजार ७ सय १८ र सुदूरपश्चिम प्रदेशमा ३ हजार ८ जना डिस्चार्ज भएका छन् ।

अहिले देशभरीका क्वारेन्टिनमा १२ हजार १ सय ११ जना रहेका छन् । प्रदेश नम्बर १ मा १ हजार २ सय ७७, प्रदेश नम्बर २ मा १ हजार ७ सय ३१, बागमती प्रदेशमा ९ सय १६ र गण्डकी प्रदेशमा ३ हजार १ सय ६५ जना रहेका छन् । यस्तै प्रदेश नम्बर ५ मा १ हजार ६ सय ७४, कर्णाली प्रदेशमा ४ सय ९४ र सुदूरपश्चिम प्रदेशमा २ हजार ८ सय ५४ जना रहेका छन् ।

## मुहार...

पर्यटनमन्त्री भट्टराईले कोभिड-१९ नियन्त्रणका लागि नेपालमा लागू गरिएको बन्दाबन्दीभर कुनैपनि निर्माण कार्य अवरोध नभएको बताए । उनका अनुसार यो बीचमा विमानस्थलमा नयाँ प्रगति भएको छ । अन्तरराष्ट्रिय विमानस्थलको धावनमार्ग विस्तारको काम सकिएको छ । साबिकको तीन हजार मिटर लामो धावनमार्ग विस्तार गरी थप ३०० मिटर बनाइएको छ ।

धावनमार्ग छोटो हुदाँ जहाजलाई सुरक्षित उडान अवतरण गर्न केही कठिनाई भइरहेको थियो । विस्तारित धावनमार्गले उडान सुरक्षा सुनिश्चितता प्रदान गर्ने मन्त्री भट्टराईको भनाइ छ । बन्दाबन्दीकैबीच अन्तरराष्ट्रिय टर्मिनल भवनमा एक हजार ५०० क्षमताको 'डिपार्चर हल' निर्माण सम्पन्न भइ सञ्चालनमा आएको छ । पुरानो डिपार्चर हल भत्काएर नयाँ बनाइएको हो ।

यही बीचमा वाइड बढी जहाज राख्न मिल्ने क्षमताका 'पार्किङ्ग वे' थपिएको छ । यसले 'पार्किङ्ग वे' मात्र थपिएको छैन । आकासमा जहाज होल्ड हुने अवस्थालाई पनि केही मात्रामा घटाएको पर्यटनमन्त्री भट्टराईले बताए ।

विमानस्थलको क्षमता अभिवृद्धिका लागि 'लगेज वेल्ट' थप्नेलगायत अन्य सेवा सुविधा थप्दै जाने योजना छ । समानान्तर 'ट्याक्सी वे' निर्माण तथा विमानस्थलको उत्तरतर्फ थप २२ वटा जहाज क्षमताका पार्किङ्ग स्थल बनाउनेजस्ता कार्यक्रम पनि योजनावद्ध अघि बढेको मन्त्री भट्टराईले जानकारी दिए ।

उनले भदौं १ गतेबाट सञ्चालन हुने आन्तरिक र अन्तरराष्ट्रिय उडान सञ्चालनताका लागि अहिले बनिरहेका सबै संरचनाको उपयोग गर्नेगरी तयारी गरिएको बताए । मन्त्री भट्टराईले निर्माणाधीन बाँकी काम छिटो सम्पन्न गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिए । उनले भने, "यी सबै संरचना, सेवा र सुविधाले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको स्तरोन्नति भएको छ । देख्दा पनि आकर्षक भएको छ । भदौं १ गतेपछि नेपाल आउने विदेशी पर्यटक तथा जतिपनि नेपाली दाजुभाई दिदिबहिनी काठमाडौं विमानस्थलमा झर्दा विमानस्थलको नयाँ स्वाद लिनुहुन्छ भन्ने मैले विश्वास लिएको छु ।"

विमानस्थलका महाप्रवन्धक देवेन्द्र केसीले विमानस्थलको क्षमता अभिविृद्धि र सेवा सुदृढिकरणको काम निरन्तर भइरहेको बताए । प्राधिकरण मातहतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाका निर्देशक मुरारी भण्डारीले विमानस्थल विस्तारको बाँकी समानन्तर 'ट्याक्सी वे' र पार्किङ्ग क्षेत्र विस्तारको काम चालुआबमा अघि बढ्ने बताए ।

पार्किङ्ग क्षेत्र विस्तारका लागि चिनियाँ कम्पनीसँग ठेक्का सम्झौता भइसकेको विमानस्थलले जनाएको छ ।

बन्दाबन्दीको पाँच महिनापछि भदौं १ गतेबाट आन्तरिक तथा अन्तरराष्ट्रिय उडान शुरु हुने भएपछि विमानस्थल तथा वायुसेवा प्रदायक कम्पनीले कोभिड-१९ संक्रमणबाट सुरक्षित उडानका लागि स्वास्थ्य प्रोटोकल पालनालगायत सबैखाले तयारी गरिसकेका छन् । विमानस्थलमा भौतिक दूरी कायम गरी, मास्क र सेनिटाइजरको प्रयोगलगायत स्वास्थ्य सावधानीका बारे कर्मचारी तथा यात्रुले पालना गर्नुपर्ने पूर्वअभ्यास समेत भइसकेको छ ।

विश्व स्वास्थ्य सङगठन (डब्लुएचओ) र अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन(आइकाओ)को मापदण्डमा रहेर विमानस्थल सञ्चालन गर्दा अपनाउनुपर्ने सावधानीबारे आवश्यक तयारी गरिएको विमानस्थलले जनाएको छ । अन्तरराष्ट्रिय विमानस्थलबाट तीन नेपालीसहित ३० वायु सेवा प्रदायक कम्पनीले अन्तरराष्ट्रिय उडान भर्दै आएका छन् । आन्तरिकतर्फ १० हेलिकोप्टर कम्पनीसहित २० वायु सेवा कम्पनीले उडान गर्छन ।

# नेपाली कांग्रेसद्वारा सागका स्वर्ण विजेता सम्मानित



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन

नेपाली कांग्रेस केन्द्रीय खेलकुद विभागले नेपालमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण जित्ने खेलाडीलाई शुक्रबार नगदसहित सम्मान गरेको छ । १३ औं सागमा नेपालले व्यक्तिगत र टिम स्पर्धामा गरी विभिन्न १३ खेलमा एतिहासिक ५१ स्वर्ण जितेको थियो । ५१ स्वर्णसहित ६० र ९६ कांस्य जित्दै ७ राष्ट्र सहभागी १३ औं सागमा नेपालले दोश्रो स्थान हासिल गरेको थियो । १३ औं सागमा नेपालले हासिल गरेको उपलिब्ध सागकै इतिहासमा अहिलेसम्मकै उत्कृष्ट हो । नेपालमै सन् १९९९ मा भएको आठौं दक्षिण एसियाली खेलकुदमा पनि नेपाल दोश्रो भएको थियो । त्यत्तिखेर नेपालले ३१ स्वर्ण, १० रजत र २४ कांस्य जितेको थियो ।

साउन ६ गते विभागले आफ्नो बैठकको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा १३ औं साग स्वर्ण विजेतालाई १० दिनभित्र नगदसहित सम्मान गर्ने घोषणा गरेको थियो । त्यत्ति बेला व्यक्तिगत स्पर्धाका विजेतालाई सम्मान गर्ने घोषणा गरेपनि टिम स्पर्धाका स्वर्णधारीलाई पनि सम्मान गर्ने विषयमा छलफल गरी निर्णय लिने विभागका प्रमुख मोहनबहादुर बस्नेतले प्रतिबद्धता जनाएका थिए । सोही अनुरुप एकल र टिम स्पर्धाका स्वर्ण विजेतालाई सानेपास्थित नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा शुक्रबार सम्मान गरिएको हो ।

एक स्वर्ण विजेतालाई १० हजार, दोहोरो स्वर्णलाई १५ हजार र चार स्वर्ण जित्नेलाई २५ हजार नगदसहित प्रशंसा पत्र प्रदान गरिएको थियो । दोहोरो स्वर्ण जित्नेमा गोल्फका सुवास तामाङ, तेक्वान्दोकी आयशा शाक्य र करातेका मन्डेकाजी श्रेष्ठ रहेका छन् । पौडीकी गौरिका सिंहले ४ स्वर्ण जितेकी थिइन् । व्यक्तिगत स्पर्धा र टिम स्पर्धाका स्वर्ण विजेतालाई समान १०-१० हजार नगद पुरस्कार प्रदान गरिएको थियो । गौरिका लन्डनमा रहेकाले उनको पुरस्कार नेपाल पौडी संघका अध्यक्ष अशोक वज्राचार्यले ग्रहण गरे । कार्यक्रममा उपस्थित हुन नसकेका खेलाडीको पुरस्कार सम्बन्धित खेलाडीसम्म पुर्‍याउने व्यवस्था मिलाउने विभागले जनाएको छ ।

नेपाल कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले खेलाडीलाई एक कार्यक्रमबीच पुरस्कृत गरे । सो अवसरमा देउवाले १३ औं सागमा उत्कृष्ट प्रदर्शन गरी नेपालको छवि अन्तर्राष्ट्रिय जगतमा उच्च बनाएकोमा खेलाडीको प्रशंसा गरे ।

विभाग प्रमुख बस्नेतले रजत र कांस्य विजेतासँगै प्रशिक्षकलाई पनि क्रमैसंग सम्मान गर्ने प्रतिबद्धता जनाउदै ओलम्पिकमा सहभागी हुने खेलाडी र प्रशिक्षकको नामवली पाए १० दिनभित्र उनीहरुको कोरोना विमा गर्न विभाग तयार रहेको बताए ।

राष्ट्रिय खेलकुद परिषद्का नवनियुक्त सदस्य-सचिव रमेशकुमार सिलवालले हरेक राजनीतिक पार्टीले खेलकुदलाई महत्व दिने हो भने नेपाली खेलकुदलाई अझ उचाइमा पुर्‍याउन सहज हुने बताउदै खेलाडीलाई सम्मान गरिदिएकोमा विभागलाई धन्यवाद दिए ।

# गूगल र फेसबुकले समाचारको पैसा तिर :अस्ट्रेलिया




**क्यानबेरा, एपी**-अस्ट्रेलिया सरकारले अस्ट्रेलियाली संचार माध्यमका समाचार सामग्री प्रयोग गरेबापत भुक्तानीको व्यवस्था मिलाउन तीन महिनाभित्र मध्यस्थता गर्न गूगल र फेसबुकलाई आदेश दिएको छ ।

शुक्रबार सार्वजनिक गरिएको अनिवार्य आचार संहिताको मस्यौदामा व्यावसायिक मिडिया कम्पनीबाट उत्पादित समाचार सामग्रीको प्रयोग गरेबापत गूगल र फेसबुकले रकम तिर्नुपर्ने उल्लेख छ। विश्वका अन्य मुलुकले यस्तो प्रयोग गरेपनि असफल भएका छन्, तर अस्ट्रेलियाले आचार संहितामार्फत नै गूगल र फेसबुकलाई रकम भुक्तानीको व्यवस्था गराउन लागेको छ ।

गूगलले अस्ट्रेलिया सरकारले अघि सारेको मस्यौदा एकतर्फी रहेको र त्यसले डिजिटल अर्थतन्त्रका लागि बाधा सिर्जना गर्ने बताएको छ । अस्ट्रेलियाली अर्थमन्त्री जस फाइडेनबर्गले गूगल र फेसबुकलाई पहिलो चरणमा लक्षित गरिएको र अन्य डिजिटल प्लेटफर्ममा पनि यो नियम क्रमशः लागू गरिने जानकारी दिनुभयो ।

अस्ट्रेलियाका संचारगृहको आर्थिक अवस्थामा सुधार ल्याउन र कर्मचारी कटौतीको समस्या सुल्झाउन यसले थोरै भएपनि मद्दत गर्ने अस्ट्रेलियाली संचार माध्यमहरुले बताउँदै आएका छन् ।

अस्ट्रेलियाको प्रस्तावित मस्यौदामा अमेरिकी यी दुई कम्पनीले अस्ट्रेलियाली संचार माध्यमसँग रकमका बारेमा सम्झौता नगरे तीन महिनापछि सरकारले नै मध्यस्थकर्ता नियुक्त गरी काम थाल्ने बताइएको छ ।

उक्त मस्यौदामाथि सुझाव दिन अगस्ट २८ सम्मको समयावधि दिइएको छ । अर्थमन्त्री फाइडेनबर्गले भन्नुभयो, त्यसपछि उक्त मस्यौदालाई संसदमा पेश गरिने छ । प्रस्तावित मस्यौदामा नियम उल्लंघन गरेमा त्यस्ता प्लेटफर्मको वार्षिक कारोबारको १० प्रतिशतसम्म वा ७२ लाख अमेरिकी डलर जरिवाना गरिने उल्लेख छ । गुगल र फेसबुकका अस्ट्रेलियाली प्रतिनिधिहरुले सरकारले अघि सारेको प्रस्तावमाथि अध्ययन भइरहेको जनाएका छन् ।

# ताइवानका पूर्व राष्ट्रपति लीको निधन

**ताइपेई, एएफपी-** ताइवानका पूर्व राष्ट्रपति ली तेङ-हुईको ९७ वर्षको उमेरमा निधन भएको छ । ताइवानमा तानाशाही व्यवस्था अन्त्य गरी लोकतान्त्रिक शासन पद्धति स्थापना गर्न उनको महत्वपूर्ण भूमिका रहेको थियो ।



गत फेब्रुअरीमा घाँटीमा खाना अड्किएपछि उहाँलाई अस्पताल भर्ना गरिएको थियो । उहाँ लामो समयदेखि अशक्त रहनु भएको पारिवारिक स्रोतले जनाएको छ ।

ताइपेई भेटेरान्स जनरल हस्पिटलका उपाध्यक्ष ह्वाङ शिन-जाङले दिर्घरोगी पूर्व राष्ट्रपति लीका शरीरका भित्री अंगहरुले काम गर्न छाडेपछि मृत्यु भएको संवाददाताहरुलाई जानकारी दिए ।

पूर्व राष्ट्रपति ली सन् १९८८ देखि २००० सम्म ताइवानको राष्ट्रपति थिए । उनको कार्यकालमा चीनसँगको सम्बन्ध तिक्ततापूर्ण रहेको थियो ।

# सरकारले बल प्रयोग गरेकोमा ओबामाको आपत्ति



**वासिङटन,एएनआई-** अमेरिकी पूर्व राष्ट्रपति बाराक ओबामाले अमेरिकामा सरकारको विरुद्धमा प्रदर्शन गरेका व्यक्तिमाथि सरकारले बल प्रयोग गरी दमन गरेकोमा विरोध गरेका छन् । पूर्व राष्ट्रपति ओबामाले नागरिकले स्वतन्त्रतापूर्वक आफ्ना भनाइ राखेर प्रदर्शन गरेको अवस्थामा डोनाल्ड ट्रम्पको प्रशासनले सुरक्षाकर्मी पठाएर प्रदर्शन गरको व्यक्तिहरुमाथि आक्रमण गरेको भन्दै त्यसको निन्दा गरेका हुन् ।

यसरी शान्तिपूर्ण रुपमा प्रदर्शनमा रहेका नागरिकमाथि ट्रम्प प्रशासनले ठूलो संख्यामा प्रहरी पठाएर उनीहरुलाई दमन गरेको, टियर ग्यास प्रयोग गरेको र प्रहरीले कुटपिट पनि गरेको भन्दै त्यसको विरोध गरे ।

उनलाई उद्धृत गर्दै अमेरिकी टेलिभिजन सिएनएनले भनेको छ कि पछिल्ला केही समययता अमेरिकामा काला जातिका नागरिकमाथि सरकारले गरेको दमन त सबैले देखेकै छौं र अहिले पनि त्यो दमनको अवस्था रोकिएको छैन ।

सरकारले नागरिकमाथि अनावश्यक डर र त्रास देखाएको र नभएको कानुनको प्रयोग गरेर जनतालाई त्रसिद् बनाएको पनि पूर्वराष्ट्रपति ओबामाले बताएको अमेरिकी टेलिजिभन सिएनएनले जानकारी दिएको छ । अमेरिकामा रहेका आप्रवासी, विद्यार्थी आदिलाई अनेक खालका डर र त्रास देखाएर सरकारले शान्तिपूर्ण रुपमा प्रदर्शन गरेर आफ्ना कुरा राख्न पनि नदिएको आरोप पूर्व राष्ट्रपति ओबामाले लगाए । केही सयम अघि एकजना काला जातिका अमेरिकी नागरिकको प्रहरीको कारबाहीमा परी ज्यान गएपछि सरकारका विरुद्धमा आन्दोलन चर्किएको थियो ।

# अफगानिस्तानमा कार बम आक्रमणमा १७ जनाको मृत्यु

**काबुल,एएफपी-** अफगानिस्तानको लागोर प्रान्तमा रहेको पाउल ए सिटी शहरमा भएको कार बम हमलामा परी १७ जनाको ज्यान गएको छ । उक्त शहरमा सरकारी सेवा लिनका लागि लाम लागेर बसेका सर्वसाधारणलाई लक्ष्यगरी कार बम आक्रमण भएको बताइएको छ । सो आक्रमणमा परी कम्तीमा पनि १७ व्यक्तिको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । यस घटनामा परी दर्जनौ व्यक्ति घाइते भएका छन् । उनीहरुलाई उपचारार्थ अस्पताल लगिएको बताइएको छ । यस आक्रमणको हालसम्म कुनै पनि समूहले जिम्मा लिएको छैन । तालिबान आतङ्ककारी समूहले पनि यस आक्रमणको अस्वीकार गरेका छन् ।

यसअघि पनि गत माहिना मात्र रमाजानको अवसरमा सोही कार्यालयमा भएको रक्तपातपूर्ण हमलामा २० जनाको ज्यान गएको थियो । उक्त बम हमलामा परी भौतिक क्षति पनि पुगेको अफगानिस्तानको गृह मन्त्रालयलाई उद्धृत गर्दै टोलो समाचारले जनाएको छ ।

उक्त समाचारले अहिलेसम्म सो हमलाको कसैले पनि जिम्मेवारी नलिएको जनाएको छ । तर सुरक्षाबल र सरकारी कर्मचारीलाई लक्ष्यगरी भीषण आक्रमण गर्ने घोषणा गर्ने गरेका तालिवानी आतङ्ककारी समूहले नै यो आक्रमण गरेको अनुमान प्रहरीको रहेको छ । यस आक्रमणमा मृत्यु भएका व्यक्ति सबै सर्वसाधारण नै रहेका अफगान सरकारको गृह मन्त्रालयले जानकारी दिएको छ ।

यस आक्रमण रक्तपातपूर्ण रहेको सो मन्त्रालयले जनाएको छ । टोलो समाचारले सो हमलामा घाइते भएका अधिकांशको अवस्था अत्यन्तै गम्भीर रहेकोले मृतकको संख्या अझै बढ्न पनि सक्ने जानकारी अधिकारीहरुले दिएका बताएको छ । यद्यपि लामो समयदेखि ढिलाइ भइरहेको अफगान सरकार र तालिबानबीचको शान्तिवार्ता आगामी हप्ता शुरु हुने सम्भावना बढेको जनाइएको थियो ।

अफगान राष्ट्रपति अस्रफ घानीले तालिबानसँगको मध्यस्थता वार्ता हुन लागेको गत मङ्गलबार सङ्केत गर्नुका साथै दुबै पक्षबीच तीन दिने युद्धबिरामका लागि सहमति भएको बताएका छन् । पहिलो चरणको युद्धबिराम मुस्लिम समुदायको महान पर्व इद अल-अधाको पहिलो दिन आजबाट शुरु हुनेछ, र यो अरु दुई दिन निरन्तर जारी रहने बताइएको छ ।

तालिबान समूहले नै यसपटक युद्धबिरामका लागि प्रस्ताव गरेको थियो । राष्ट्रपति घानीले पनि तालिबान समूहसँगको मध्यस्थता प्रयासमा निकै प्रगति भएको बताएका थिए । यसअघि अफगानिस्तानका जेलमा बन्दी रहेका तालिबान समूहका नेता, कार्यकर्ता र लडाकूको विनाशर्त रिहाइका विषयमा अफगान सरकार र तालिबानबीच मतैक्य हुनसकेको छैन । राष्ट्रपति घानीले सरकारी अधिकारीलाई सम्बोधन गर्दै भनेका छन् "शान्तितर्फ सरकारको प्रतिबद्धता जनाउँदै इस्लामिक गणतन्त्र अफगानिस्तानले पाँच हजार तालिबानी बन्दीलाई मुक्त गर्ने कार्य चाँडै सम्पन्न गर्नेछ ।"

पाँच हजार तालिबानी युद्धबन्दीलाई मुक्त गर्न यसअघि गत फेब्रुअरीमा अमेरिका र तालिबानबीचको एक सम्झौतामा सहमति भइसकेको छ । राष्ट्रपति घानीले तालिबान समूहसँगको प्रत्यक्ष मध्यस्थता वार्ता अर्को साताभित्रै शुरु हुने सम्भावना रहेको बताए । राष्ट्रपति घानीका प्रवक्ता सेदिक सेदिकीले काबुल सरकारले युद्धबिराम पालना भएनभएको अनुगमन गर्ने जानकारी दिएका थिए । उनले 'अफगान जनताले दिगो युद्धबिराम चाहनुका साथै अफगान सरकार र तालिबानबीच प्रत्यक्ष वार्ता होस् भन्ने चाहेका छन्' भने ।

तालिबान समूहले गत साता नै ईद पर्व लगत्तै अफगान सरकारसँग प्रत्यक्ष मध्यस्थता वार्ता गर्न तयारी गरिरहेको सङ्केत दिएका थिए । तालिबान समूहका तर्फबाट जारी एक वक्तव्यमा तालिबानका सैन्य प्रवक्ता जबिहुल्लाह मुजाहिदले आफ्ना लडाकूलाई ईद अल-अधाका अवसरमा तीन दिनसम्म कुनै सैन्य कारवाही नगर्न आदेश दिएको उल्लेख छ । उनले सरकारी वा दुश्मन पक्षबाट कुनै कारबाही भए त्यसलाई स्वीकार गर्न नसकिने पनि चेतावनी दिएका छन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७७/०४/१७)

यस कम्पनीको मिति २०७७/०२/३२ मा सम्पन्न विशेष वार्षिक साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **रेखाङ्कन इञ्जिनियरिङ्ग प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रेखाङ्कन बिल्डर्स प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



## मर्चवारी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## रायपुर, रूपन्देही, ५ नं. प्रदेश, नेपाल

### प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७।०४।१७)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स २०७७/७८ च.न २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस मर्चवारी गाउँपालिकामा संञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०७७/०७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाचौं तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**
क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीण भएको
ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सिप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान:** मर्चवारी गाउँपालिकाको कार्यालय
३. **दरखास्त दिने अन्तिम मिति :** २०७७।०४।३१ गतेसम्म ।
४. **आवेदन दस्तुर :** रु.५००/- (पाँच सय मात्र) ।
५. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।
६. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।
९. **करार अवधि :** १ वर्षको हुनेछ ।

**अन्य जानकारी नोट :** आवेदनको ढाचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत www.pmep.gov.np मा उपलब्ध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

विकास समिति

# ‘फोर जी सेवा किन विस्तार भएन ?’



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन

प्रतिनिधि सभा अन्तर्गतको विकास तथा प्रविधि समितिले नेपाल टेलिकमको फोरजी सेवा विस्तार कार्य निर्धारित समयमा सम्पन्न हुन नसक्नुको कारण समितिमा उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको छ । नेपाल टेलिकमको सेवा प्रभावकारिता सम्बन्धमा छलफल गर्न बसेको समितिको बैठकले टेलिकमको फोरजी सेवा विस्तार निर्धारित समयभित्र सम्पन्न हुन नसक्नुको कारण सात दिनभित्र समितिमा उपलब्ध गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको हो ।

समितिका सभापति कल्याणी कुमारी खड्काले बैठकका निर्णय सुनाउँदै टेलिकमले फोरजी सेवा विस्तारमा भएको ढिलाइ भएको कारण सात दिनभित्र उपलब्ध गराउन निर्देशन दिएकी हुन् ।

टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी नभएको जनगुनासो आएकाले गुणस्तरीय र नागरिकले अपेक्षा गरे अनुरूप सेवा विस्तार गर्नका लागि कार्ययोजना तयार गरी समितिमा पेश गर्न समेत समितिले मन्त्रालयलाई निर्देशन दिएको छ । नेपाल टेलिकममा रणनीतिक साझेदार भित्र्याउन अगाडि बढाइएको प्रक्रियाको सन्दर्भमा कस्तो मोडालिटीमा काम भइरहेको छ भन्ने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सोको जानकारी गराउन समेत समितिले मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिले नेपाल दूरसञ्चारसँग आवद्ध नेपाल टेलिकम र अन्य निजी सेवा प्रदायक संस्थाबाट गत आर्थिक वर्षमा ग्राहकलाई वितरण गरेको सिमकार्डको विवरण सात दिनभित्र उपलब्ध गराउन समेत मन्त्रालय र दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ। त्यस्तै, नेपालभित्र सञ्चालित दूरसञ्चार संस्थाहरूको आर्थिक अवस्थाको विवरण समेत माग गरेको छ । नेपाल टेलिकमले हालसम्म नेपालका सबै जिल्लामा फोरजी सेवा पुर्याईसकेको घोषणा गरेको छ । तर हालसम्म पनि विभिन्न क्षेत्रमा फोरजी पुगीसकेको छैन । टेलिकमका अनुसार पछिल्लो समय फैलिएको कोरोना भाईरसको महामारीका कारण फोरजी विस्तारमा ढिलाई भएको छ । तर टेलिकमले अघिल्लो बर्षको माघ महिनामा १ बर्षभित्रमा देरभर फोरजी सेवा विस्तार गर्नेगरी विभिन्न २ कम्पनीलाई उक्त कार्यजिम्मेवारी दिएको थियो ।

टेलिकमले विभिन्न क्षेत्रमा न्यान नेटवर्क र कोर नेटवर्क जडान गर्नका लागि हंगकंगको सिसीएसआई र चीनको जेडटीई कम्पनीलाई कार्यजिम्मेवारी सुम्पेको थियो । तर हालसम्म नेपालका सबै जिल्लाका प्रमुख शहरहरुमा पुर्याउनुपर्ने उक्त फोरजी सेवा केही जिल्लाका सिमानासम्म मात्रै पुर्याएको छ । जसअनुसार अझै कम्पनीले केही पहाडी र हिमाली जिल्लाका प्रमुख स्थान र बजारक्षेत्रमा अझै पुर्याएन बाँकी छ । यस्तै कम्पनीले जडान गर्न लागेको फोरजी नेटवर्कमार्फत फाईभजी नेटवर्क पनि परिक्षण गर्न सकिने जानकारी दिएको छ ।

# भरतपुर महानगरलाई चीनको २७ लाखको सहयोग



**काठमाडौं/मस**–चीनको तिब्बत प्रान्तमा रहेको सिगात्से शहरले भरतपुर महानगरपालिकालाई रु २७ लाख बराबरको स्वास्थ्य सामग्री सहयोग गरेको छ । ती सामग्री बिहीबार महानगरपालिका आइपुगेको हो । रसुवाको टिमुरे भन्सार नाकाबाट सिगात्से सिटीका प्रतिनिधि तथा नेपाल प्रवासी चिनियाँ सङ्घका सदस्य ज्याङ जिङ च्याङ, वाङ ज्यूजाङ, हुई घिङ, डाङलगायतका प्रतिनिधिले भरतपुर महानगरपालिकाका विज्ञ सल्लाहकार गोपालकृष्ण न्यौपाने नेतृत्वको टोलीलाई सामग्री प्रदान गरेको थियो । भरतपुर महानगरपालिका र चीनको गुर्मुसिटीसँग भगिनी सम्बन्ध कायम रहेको छ भने घाङ् सिटी र सिगारसँग भगिनी सम्बन्ध कायमको प्रक्रियामा रहेको छ। सामान प्राप्त भएसँगै भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले स्वास्थ्य सामग्रीले कोभिड-१९ सँग लड्न थप हौसला प्रदान गरेको बताए । तिब्बत प्रान्तमा रहेको सिगात्से सिटीले एन-९५ मास्क एक हजार थान, सर्जिकल मास्क ५० हजार थान, आरडिटी कीट ८०० थान, पिपिई १०० थान, मेडिकल फेस सिल्ड एक हजार थान र सर्जिकल पञ्जा चार हजार थानलगायत स्वास्थ्य सामग्री भरतपुर महानगरपालिकालाई कोभिड-१९ विरुद्ध लड्न सहयोग गरेको हो ।

मित्र राष्ट्र चीनको सिगात्से सिटीले कोभिड-१९ को महामार ीसँग लड्न यति धेरै स्वास्थ्य सामग्री भरतपुर महानगरपालिकालाई प्रदान गरेर अतुलनीय सहयोग गरेको बताउँदै महानगर प्रमुख दाहालले प्राप्त स्वास्थ्य सामग्रीको अधिकतम उपयोग गरी कोभिड-१९ विरुद्ध लड्ने बताए ।

भरतपुर महानगरपालिका र चीनका शहरसँग प्रविधि हस्तान्तरणका साथै दुई पक्षीय सहयोगका साथ अवलोकन भ्रमण हुँदै आएको छ । कोभिड-१९ कै क्रममा चीनको गुर्मु सिटीले पनि भरतपुर महानगरपालिकालाई स्वास्थ्य सामग्री प्रदान गरेको थियो । यस्तै, बिहीबार संयुक्त राष्ट्र सङ्घका प्रतिनिधिमण्डलले कोभिड-१९ सँग लड्न र क्वारेन्टिन व्यवस्थापनका लागि चाहिने स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

# शाओमीका २ नयाँ फोन नेपालमा सार्वजनिक




**काठमाडौं/मस**-ग्लोबल टेक्नोलोजी लिडर शाओमीले आज नेपालमा बजेट सेग्मेन्ट भित्र दुई नयाँ स्मार्टफोन मोडल–रेडमी ९ र रेडमी ९ए सार्वजनिक गरेको छ । शक्तिशाली चिपसेट र प्रिमियम विशेषता भएका यी नयाँ भेरियन्टले सबैका लागि असाधारण स्मार्टफोन अनुभव पहुँचयोग्य बनाउने शाओमीको लक्ष्य झल्काउँछ ।

पहिलो एन्ट्री लेबलको स्मार्टफोनको रुपमा बहुउपयोगी क्वाड क्यामेरा सेटअप विशेषता भएको रेडमी ९ ले जीवनको विशेष पलहरु खिच्न मद्दत गर्दछ । चाहे तपाई द्रुत स्न्याप, वाईड एन्गल ग्रुप सट, मोहक विवरणका साथ क्लोज अप वा सुन्दर पोट्रेट लिन खोजिरहनु भएको छ, रेडमी ९ ले यी सबै पुरा गर्नेछ । यो उपकरणले क्यालिडोस्कोप र पाम शटर जस्ता विशेषताहरु समावेश भएको प्रिमियम क्यामेराका साथ फोटोग्राफी अनुभवमा रमाइलो र रचानात्मक समाहित गर्दछ । यसबीच प्रयोगकर्ताले रेडमी ९ को ठुलो र उत्कृष्ट स्क्रिनका साथ अझ राम्रोसंग हेर्न सक्दछन् । ६.५३ इन्च एफएडी प्लस डट ड्रप डिस्प्ले प्रस्तुत गर्दै रेडमी ९ ले एक क्रिस्टल क्लियर विवरणका साथ तत्कालै एक निर्देशनमा सर्वोत्कृष्ट भिजुअल अनुभव प्रदान गर्दछ। यो टीयूभी रेइन्ल्यान्ड लो ब्लु कलर लाइट प्रमाणीकरण र सुरक्षाका लागि कोर्निंग गोरिला ग्लासको साथ आउँदछ । पर्फमेन्शको पाटोमा, रेडमी ९ मा एक अनुकूलित मिडियाटेक हेलियो जी८० एसओसी छ जसले आफ्नो पूर्ववर्ती भन्दा १०७ प्रतिशत सुधारीएको प्रदर्शन प्रदान गर्दछ। ५०२० एमएएच ठूलो क्षमताको ब्याट्रीका साथ जोडिएको रेडमी ९ ले तपाईंलाई दैनिक काम र खेलका लागि आवश्यक पावर प्रदान गर्दछ । रेडमी ९ ले योग्य शानदार स्मार्टफोन डिजाइन प्रस्तुत गर्दछ । पछाडिको कभरमा यसले शिष्ट ग्रेडिएन्ट कलर डिजाइन र एन्टी फिंगरप्रिन्ट रिप्पल टेक्सचर उत्तोलन गर्दछ । रियर फिंगरप्रिन्ट सेन्सर विशेष गरि क्यामेरा सेटको छेउमा बस्नका लागि डिजाइन गरिएको छ र रेडमीको हालको स्मार्टफोन लाइनअपमा चित्रित एक ट्रेन्डी सरकल डिजाइनले घेरिएको छ। समग्रमा, यसले रेडमी ९ लाई समात्न र अनलक गर्न अझ बढि सहज बनाउँछ ।

यसलाई सम्पन्न गर्नुपर्दा, रेडमी ९ ३.५एमएम हेडफोन ज्याक, आइआर ब्लास्टरका साथ आउँछ र यसले डुअल सिम र थप माइक्रोएसडी स्लट समर्थन गर्दछ। रेडमी ९ का साथ प्रयोगकर्ताले केहि सम्झौता गर्नु पर्दैन, उनीहरुले यी सबै विशेषताहरु पाउँछन् ।

यो एकदम नयाँ एन्ट्री लेबल स्मार्टफोन इमर्सिभ दृश्य अनुभवका लागि विशाल ६.५३ इन्च डट ड्रप डिस्प्ले र ५००० एमएएच उच्च क्षमताको ब्याट्रीले सुसज्जित छ र त्यस्ता प्रयोगकर्ताहरुलाई सन्तुष्ट पार्छ जो आफ्नो फोनमा धेरै कुरा गर्न र मज्जा लिन चाहन्छन्। रेडमी ९ए मा मिडियाटेक हेलियो जी२५, अक्टा कोर गेमिङ चिपसेट जस्ता विशेषताहरु छन् जसले दिन प्रति दिन सहज संचालन अनुभव प्रदान गर्दछ । यसमा एआई अप्टिमाइज्ड् १३एमपी रियर क्यामेरा छ जसले विभिन्न अवस्थाहरुमा तीव्र र सहजै स्फूर्तिदायक र स्प्रष्ट तस्वीरहरु खिच्दछ ।

शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर सौरभ कोठारीले शाओमीमा उल्लेखनिय स्मार्टफोन अनुभवहरु सबैका लागि पहुँचयोग्य बनाउने लक्ष्य राखेको बताए। उनले विशाल ५०२० एमएएच ब्याट्री र क्वाड क्यामेरा सेटअपका साथ रेडमी ९ र ६.५३ इन्च डट ड्रप डिस्प्लेका साथ रेडमी ९ए सुलभ मुल्यमा उपलब्ध एन्ट्री लेबल स्मार्टफोनको विशिष्ट विकल्प भएको बताए।

रेडमी ९ तीन कलरः कार्बन ग्रे, ओशन ग्रीन र सनसेट पर्पलमा उपलब्ध हुनेछ। यो ३जीबीं३२जीबी भेरियन्टको मुल्य रु १६,९९९ रहेको छ भने ४जीबीं६४जीबी भेरियन्टको मुल्य रु १७,९९९ रहेको छ। रेडमी ९ए २जीबीं३२जीबी भेरियन्टको मुल्य रु ११,४९९ मा आउँछ र तीन कलरः ग्रानाइट ग्रे, पिकक ग्रनि र स्काई ब्लु मा उपलब्ध हुनेछ। दुवै फोनहरु आधिकारिक मी स्टोर, रिटेल पार्टनर र अनलाईन च्यानलमा उपलब्ध हुनेछ।

# एसबिआई बैंकका कार्डबाहकलाई कम्फर्ट नेपाल ट्रेडर्समा छुट



**काठमाडौं/मस**-नेपाल एसबिआई बैंक र कम्फर्ट नेपाल ट्रेडर्स (जकी ब्राण्डको आधिकारिक विक्रेता) बिच नेपाल एसबिआई बैंकका सम्पुर्ण भिसा डेबिट कार्ड बाहक ग्रहकहरुलाई लक्षित गरी खरिदमा कार्ड प्रयोग बापत १० प्रतिशत र अन्य विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ। उक्त सम्झौता बैंकका प्रमूख व्यवसाय प्रबर्धन अधिकृत छपि राज पन्त तथा कम्फर्ट नेपाल ट्रेडर्सका निर्देशक कूनाल अग्रवालबिच भएको हो ।

# सनराइज बैंक र एटी सर्भिसेसबीच सम्झौता

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

**काठमाडौं/मस**– सनराइज बैंक लिमिटेड र हङकङस्थित एटी सर्भिसेसमार्फत अनलाइन माध्यबाट विप्रेषण सेवा प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौताअनुसार हङकङमा रहेका नेपालीहरुले नेपालमा रहेका आफन्त तथा इष्टमित्रहरुलाई पैसा पठाउन अझ सरल हुने विश्वास लिइएको छ ।

यसरी एटी सर्भिसेसमार्फत पैसा पठाउँदा अधिक्तम उच्च विनिमय दरमा रकम पठाउन सकिने व्यवस्था समेत गरिएको छ। एटी सर्भिसेस मार्फत् हङकङबाट नेपालमा पठाएको पैसा केही मिनेटमै सन्राइज बैंकका देशभर रहेका १३४ शाखाहरु र १० वटा विस्तारित काउन्टर तथा बैंकका देशभरी छरिएका १० हजार भन्दा बढी एजेन्ट सञ्जाल मार्फत सजिलै नगद भक्तानी लिन सकिने बैंकले बताएको छ ।

साथै बैंक खातावालाको हकमा यो सेवा सनराइज बैंकको खातामा मात्र सिमित नभइ देशका अरु विभिन्न वाणिज्य र विकास बैंकहरुको खाताहरुमा समेत तुरुन्तै रकम जम्मा गर्न सकिने व्यवस्था मिलाइएको छ। सनराइज बैंकको विस्तारित सेवाबाट नेपालमा वैधानिक तवरले विप्रेषण रकम भित्रिनेमा बैंक विश्वस्त छ ।

# जलविद्युत् आयोजनामा भीषण पहिरो मानव बस्तीसमेत जोखिममा



**काठमाडौं/मस**– नेशनल हाइड्रोपावरद्वारा प्रवर्धित इन्द्रावती तेस्रो जलविद्युत् आयोजनाको बाँधस्थलमा गएको भीषण पहिरोले आयोजनाको उत्पादन ठप्प भएको छ । पाँचपोखरी थाङ्पाल-८ तिपेनीमा रहेको ७.५ मेगावाट उत्पादन क्षमता भएको उक्त आयोजनाको बाँधस्थलमा गए राति २ बजेतिर पहिरो खसेको थियो। पहिरोले आयोजनाको सुरुङ मार्गको मुख्य प्रवेशद्वार, फ्लसिङ सिस्टम (पोखरीबाट बालुवा फाल्ने) तथा पोखरीलाई पूर्णरूपमा क्षति पुऱ्याएको छ । पहिरोले तिपेनी बजार तथा पहिरोमाथिको मानव बस्तीसमेत जोखिममा परेको छ । निरन्तरको वर्षा तथा पाँचपोखरी पर्यटन मार्गको निर्माण र विस्तारका कारण उक्त क्षेत्रमा यसअघि पनि पहिरो खस्दै आएको थियो । पहिरोका कारण सवारी साधन तथा मानिसको आवतजावतसमेत बन्द भएको छ। उक्त स्थानमा वैकल्पिक बाटोसमेत नहुँदा सयौं मानिस बीचबाटोमै अलपत्र परेका छन् । पहिरोका कारण अलपत्र मानिसको उद्धार तथा अवरुद्ध बाटो खुलाउन तत्काल लागि पर्ने पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष टासी लामाले जानकारी दिए ।

# सैनिक कल्याणकारी कोषबाट राजश्वमा रु ४५ करोड योगदान

नेपाली सेना
Nepali Army

**काठमाडौं/मस**- सैनिक कल्याणकारी कोषले गत आर्थिक वर्ष २०७६/७७ मा रु ४५ करोड राजश्वमा योगदान दिएको छ। उक्त कोषद्वारा आज सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजित पत्रकार सम्मेलनमा बैंक तथा वित्तीय संस्थामा रहेको कोषको निक्षेपबाट आर्जित ब्याजको आम्दानी करवापत राजश्व बुझाएको कोषका निर्देशक सागरबहादुर केसीले जानकारी दिए ।

मुलुकका क वर्गका विभिन्न बैंकमा उक्त कोषको रु ४५ अर्ब ८६ करोड ८० लाख नगद मौज्दात निक्षेप छ। कोषको यथार्थ सम्पति भने हाल रु ५१ अर्ब ६१ करोड चार लाख पुगेको छ। केही वर्षअघिसम्म कोषको रु ८५ करोड निक्षेप जोखिममा रहेकामा अहिले घटेर रु पाँच करोड दुई लाख ६६ हजारमा झरेको छ। कोष र अन्तर्गतका निकायको फछ्र्यौट गर्न बाँकी बेरुजु अब रु सात करोड ४३ लाख ९४ हजार रहेको जानकारी दिइयो। उक्त कोषको गत आर्थिक वर्षमा १२ करोड ७० लाख २३ हजार बेरुजु फछ्र्यौट भएको थियो।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**